आज मिति २०७६/०२/१४ गते मंगलबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ६० औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री मान बहादुर पौडेल -
श्री गोकुल प्रसाद सन्जेल -
श्री वीरध्वज लिम्बु -
श्री ईश्वर कुमार प्रधान

निर्णय न.१

मिति २०७६ जेठ १५ गते मनाइने गणतन्त्र दिवसको सन्दर्भमा गाउँपालिका भित्र रहेका विभिन्न कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारी तथा सामाजिक कार्यमा उच्च योगदान पुर्याउनुहुने महानुभावहरु लाइ पुरस्कार तथा सम्मान प्रदान गर्ने निम्न बमोजिम छनौट गरी सिफारीस गर्ने निर्णय गरियो ।

तपशिल

पुरस्कारको लागि

| क्र.सं. | सेवाको विधा | नाम ठेगाना | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | उत्कृष्ट कर्मचारी गा.पा. महिला | १. करुणा पौडेल<br>२. श्याम कुमारी थेवे लिम्बु<br>३. दालामु लेप्चा | वडा नं. ४ को कार्यालय<br>वडा नं. ६ को कार्यालय<br>वडा नं. ३ को कार्यालय | |
| २ | उत्कृष्ट कर्मचारी स्वास्थ्य महिला | १. खड्क कुमारी मगर<br>२. करुणा थापा मगर<br>३. रेनुका राई | स्वास्थ्य चौकी नामसालिंग<br>स्वास्थ्य चौकी जोगमाई<br>स्वास्थ्य चौकी नयाँबजार | |
| ३ | उत्कृष्ट कर्मचारी गा.पा. पुरुष | १. वीरध्वज लिम्बु<br>२. बन्धु राई<br>३. मान बहादुर पौडेल | गाउँपालिकाको कार्यालय<br>गाउँपालिकाको कार्यालय<br>गाउँपालिकाको कार्यालय | |
| ४ | उत्कृष्ट कर्मचारी स्वास्थ्य पुरुष | १. दिलिप कुमार उराव<br>२. याम न्यौपाने<br>३. विष्णुकान्त शाह | प्राथमिक स्वास्थ्य केन्द्र प्याङ<br>स्वास्थ्य चौकी नामसालिंग<br>स्वास्थ्य चौकी जोगमाई | |
| ५ | उत्कृष्ट कार्यालय सहयोगी गा.पा. | १. भीम बहादुर वुढाथोकी<br>२. केशर बहादुर खाती<br>३. मान बहादुर राई | गाउँपालिकाको कार्यालय<br>वडा नं ५ को कार्यालय<br>वडा नं २ को कार्यालय | |
| ६ | उत्कृष्ट कार्यालय सहयोगी स्वास्थ्य | १. विर्ख बहादुर राई | स्वास्थ्य चौकी नामसालिंग | |

सम्मान तर्फ

| क्र.स. | विधा | नाम/ थर | ठेगाना | कै. |
|---|---|---|---|---|
| १ | समाज सेवा | श्री हर्क बहादुर राई | माईजोगमाई २ | |
| २ | समाज सेवा | डा. फिप राज विक | प्राथमिक स्वास्थ्य केन्द्र | |
| ३ | समाज सेवा | श्री गोपी कृष्ण न्यौपाने | माईजोगमाई ५ | |
| ४ | उपभोक्ता समिति | प्राथमिक स्वास्थय केन्द्र देखि ज्यामिरे डाँडा रुलुक सडक मर्मत उ. स. | माईजोगमाई ६ | |
| ५ | उपभोक्ता समिति | घले चौतारा सिंहदेवी मन्दिर सातमाने बौद्ध प्रा.वि गोपिनि हुँदै सोयाङ जोडने बाटो मर्मत उ. स. | माईजोगमाई ३ | |
| ६ | उपभोक्ता समिति | जोगी गोलाई सारदा आ.वी हुँदै लप्टन धारा मर्मत तथा विस्तार उ.स. | माईजोगमाई ४ | |

२. राजस्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।

आगामी आ.ब. २०७६/०७७ को लागी गाउँपालिकाको क्षेत्र भित्र लगाउन सकिने करको दर र दायरा निश्चित गरी सो बाट संकलन हुन सक्ने आन्तरिक स्रोतको अनुमान गर्न राजस्व परामर्श समितिको बैठक सरोकारवालाहरु सँग , गरिएको छलफल र अन्य गाउँपालिका तथा नगरपालिकामा भएको अभ्यास र हाम्रो अध्ययनको आधारमा यस माईजोगमाई गाउँपालिकामा लगाउन सकिने करको प्रकार र दरनिर्धारण तथा त्यसको आधारमा आगामी आ.व. ०७६/०७७ मा यस माईजोगमाई गाउँपालिकामा संकलन हुन सक्ने आन्तरिक स्रोतको अनुमान गरी बजेट तर्जुमा दिगदर्शन २०७४ को ढाँचामा २ को अनुसुची (परिमार्जित) मा उक्त समितिले पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरीयो ।

आज मिती २०७६/०२/२० गते सोमबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा मिती २०७६/०२/१४ गते स्थगित भएको गाउँकार्यपालिकाको ६० औ बैठकलाई निरन्तर्ता दिई उक्त बैठकमा निर्णय हुन बाँकी प्रस्ताव र थप प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | वडाध्यक्ष | |
| ५ | याम प्रसाद लामा | वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | वडाध्यक्ष | |
| ८ | भवानी प्रसाद लिंङ्दम | वडाध्यक्ष | |
| १० | कविता राई | कार्यपालिका सदस्य | |
| ११ | मिरादेवि खवास | कार्यपालिका सदस्य | |
| १२ | सोम कुमारी साउदेन | कार्यपालिका सदस्य | |
| १२ | मन कुमारी लिम्बू | कार्यपालिका सदस्य | |
| १३ | वीर ब. देवान | मनोनित कार्यपालिका सदस्य | |
| १४ | याम ब. बिश्वकर्मा | मनोनित कार्यपालिका सदस्य | |
| १५ | चन्द्रप्रकाश बस्नेत | सचिव | |
| अन्य उपस्थिति | | | |
| १६ | वीरध्वज लिम्बु | योजना शाखा | |
| १७ | बन्धु राई | प्राविधिक शाखा | |
| १८ | डम्बर कुमार प्रधान | प्रशासन शाखा | |
| २० | भीम ब. बुडाथोकी | का.स. | |

प्रस्तावः १. स्रोत अनुमान तथा सिमा निर्धारण समितिको प्रविवेदन सम्बन्धमा ।

निर्णयः उक्त प्रस्ताव माथि छलफल गर्दा आ.व. ०७६/७७ का गाउँपालिकामा प्राप्तहुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तयार तथा बजेट सीमा निर्धारण गर्न स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०७६/०२/१३ मा बैठक बसी तयार गरि पेश गरेको प्रतिवेदन सर्वसम्मत स्वीकृत गरी सो प्रतिवेदनको सिमामा रहि बजेट तथा कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो । साथै वडा कार्यालयहरुले सो प्रतिवेदनमा उल्लेख भएको बजेटको सिमामा रही सात दिन भित्र योजना कार्यक्रम छनौट गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न परिपत्र गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ नयाँबजार क्षेत्र कालोपत्रे तथा पिसिसि ठलान योजनाको ठेक्काबाट वाँकी रहेको बजेट कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णयः आ.ब. २०७५/७६ मा यस गाउँपालिकाको गाउँसभावाट स्विकृत भएको पुर्वाधार विकास तर्फको कुल लागत अनुमान १ करोड ७ लाख १३ हजार ८ सय ३० रुपैया भएको नयाँबजार क्षेत्र कालोपत्रे गर्ने कार्यको ठेक्का सम्झौता इलाम कन्ट्रक्सन, इलाम सँग भइसकेको हुनाले उक्त योजनाको वाँकी रहेको बजेट रु ३८ लाख २९ हजार ८ सय ६० मध्येबाट व्यहोर्ने गरी निम्न पुर्वाधार तर्फका योजनाहरु उपभोक्ता समिति बाट सम्पन्न गर्ने निर्णय गरीयो ।

| क्र सं. | योजनाको नाम | ठेगाना | विनियोजित रकम | कै. |
|---|---|---|---|---|
| १. | वडा नं. ४ खत्रीवारी चुच्चे ढुंगो तीन घरे कमले डुडे सिम्ले बाँगे दोभान सडक खण्ड निर्माण तथा मर्मत | माईजोगमाई वडा नं. ४ | १ लाख | |
| २. | वडा नं ५ पुछारे गाउँ जाने सडक निर्माण तथा मर्मत | वडा नं ५ | २ लाख | |
| ३. | वडा नं. ४ घले गाउँ प्रकाश गोलाई आमल टार खमारे कोईराले सडक खण्ड मर्मत | वडा नं. ४ | ६० हजार | |

३. सहकारीलाई आयोजनागत अनुदान दिने सम्बन्धमा ।

आ.व. २०७५/०७६ को गाउँसभाबाट स्विकृत बार्षिक कार्यक्रम तथा बजेटको सहकारी संचय प्रशोधन बजारीकरण र रोजगारमुलक कल कारखानालाई स्थानीय सम्भाव्यताको आधारमा आयोजनागत अनुदान शिर्षकबाट निम्न सहकारी संस्थालाई अनुदान दिने निर्णय गरीयो ।

| क्र सं. | सहकारी संस्थाको नाम ठेगाना | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १. | श्री महिला जोगमाई वहुउदेश्यीय सहकारी सं. लि. माईजोगमाई २ | २ लाख | आयोजना गत अनुदान |

विविधः

क. वैठकमा आमन्त्रण गर्ने सम्बन्धमा ।

माईजोगमाई गाउँकार्यपालिकाको मनोनित सदस्यहरुलाई सम्बन्धित वडा कार्यालयको नियमित बैठकमा अनिवार्य आमन्त्रण गर्न वडा कार्यालयलाई परिपत्र पठाउने ।

ख. डिपिआर स्विकृत गर्ने सम्बन्धमा ।

माईजोगमाई गाउँपालिकाको साततले झरना पर्यटन क्षेत्र डिपिआर तयार र माईजोगमाई गाउँपालिकाको श्रोत नक्सा तयार गरी परामर्शसेवा दाताहरु क्रमश **G Force Engineering Solutions Pvt. Ltd.** र **Geo Info Technology Nepal** बाट पेश भएको अन्तिम प्रतिवेदन स्विकृत गर्ने निर्णय गरियो ।

ग. सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

गाउँपालिकाको हरेक कृयाकलापमा पारदर्शिता कायम गर्न, जिम्मेवार पदाधिकारीहरु बाट नागरिक प्रति जवाफदेहिता वहन गरी सुशासन कायम गर्न र जनताको सहभागितालाई विकासमा समाहित गर्न फिक्कल एफ एम ईलामसँगको प्राविधिक सहयोगमा मिति २०७६/२/२४ गते गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने तय भए अनुसार उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष उपाध्यक्ष र वडाध्यक्षज्यूहरु अनिवार्य उपस्थिति रहनुपर्ने निर्णय गरीयो ।

घ. हेरचाहको लागी उत्प्रेरणा कार्यक्रम सम्बन्धमा ।

आगामी आ.ब. २०७६/०७७ को लागी हेरचाहको लागी उत्प्रेरणा कार्यक्रमको बार्षिक कार्ययोजना वडा गत रुपमा तयार गर्ने कार्यक्रम भएता पनि गाउँपालिका स्तरमा मिति २०७६/२/२३ गते उक्त कार्यक्रम गरी वार्षिक कार्ययोजना तयार गर्ने निर्णय गरियो । साथै सो कार्यक्रम गाउँपालिकाको स्वास्थ्य संयोजकलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

ङ. झोलुंगे पुलको सम्बन्धमा ।

यस गाउँपालिकाको वडा नं. २ जोगमाईमा निर्माणाधिन चैते दोभान झोलुंगे पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको साथै सो पुलको दायाँवायाँको पहुँच मार्ग निर्माणको लागी प्राप्त भएको थप रकम कार्यान्वयन गर्न तयार भएको डिपिआर लाई स्विकृत गरी सोही बमोजिम थप रकमको सम्झौता गरी निर्माण कार्य अगाडी वढाउने निर्णय गरीयो ।